स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प.सं.: २०८१/८२
च.नं.:

मिति : २०८१/०७/०७

**शिक्षण स्वयम्सेवकका लागि दरखास्त पेश गर्ने सम्बन्धी सूचना।**

हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकअन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा शून्य शिक्षक दरवन्दी, उच्च शिक्षक विद्यार्थी अनुपात, विषयगत शिक्षकको अभाव, भौगोलिक अवस्थितिका कारण विद्यालय समायोजन गर्न कठिन तथा प्रचलित कानुन तथा मापदण्ड बमोजिम अंग्रेजी, गणित, विज्ञान तथा अन्य विषय शिक्षक अपुग भएका वा त्यस्ता विषय शिक्षक दरबन्दी नभएका सामुदायिक विद्यालयलाई मध्यनजर गरी अपुग शिक्षकको मागलाई पूरा गर्न 'शैक्षिक अभियानमा हाम्रो प्रतिबद्धता' अभियानमार्फत श्री मेलम्ची भ्याली क्याम्पसमा स्नातक तह अध्ययनरत विद्यार्थी तथा कक्षा १२ उत्तीर्ण गरेका यस गाउँपालिकाका स्थायी बसोबास गरेका शिक्षित युवाहरुलाई शिक्षण कार्यमा संलग्न गराई शिक्षण सिकाइ मर्यादित बनाई गुणस्तरिय शिक्षाका लागि योग्य र सक्षम जनशक्ति तयार गर्न यस गाउँपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ मा तय गरेको कार्यक्रम अनुसार तपसिलको योग्यता पुगेका यस गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास भएका स्वयम्सेवक हुन इच्छुक व्यक्तिहरुले यस गाउँपालिकाको 'शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि, २०८१' मा भएको व्यवस्था बमोजिम यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा वा **helambuedu@gmail.com** मा तपसिलका कागजातहरुसहित रीतपूर्वक दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। थप जानकारीका लागि यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गर्न सकिने छ।

**तपसिल :**

**पेश गर्नुपर्ने कागाजतहरुः**

१. व्यक्तिगत निवेदन तथा तोकिएको ढाँचाको फाराम
२. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि,
३. शैक्षिक योग्यताका प्रमाण-पत्रहरुको प्रमाणित प्रतिलिपिहरु,
४. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो १ वटा
५. रु. पाँच सय राजश्व तिरेको बैंक भौचर खाता नम्बर : GA.1.1 Helambu GA.PA. ANTARIK RAJASHO KHATA,

खाता नम्बर : 17001400000079 (NIMB BANK)

**स्वयम्सेवक हुन चाहिने योग्यता :**

(क) नेपाली नागरिक
(ख) अठ्ठार वर्ष पूरा भई चालिस वर्ष ननाघेको
(ग) मगज नबिग्रेको
(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको
(ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य रहने गरी सेवाबाट बर्खास्त नगरिएको
(च) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा १२ कक्षा वा सो सरहको परीक्षा उत्तीर्ण गरेको, मेलम्ची भ्याली क्याम्पसमा स्नातक तह अध्ययनरत भएको तर स्नातक तथा स्नातकोत्तर तह उत्तीर्णलाई प्राथमिकता दिइनेछ।

**नोट** : पहिलो चरणमा १५ जना स्वयम्सेवक शिक्षक कार्यविधिमा तोकिए बमोजिम छनोट तथा परिचालन गरिनेछ। निजले कार्यविधिमा तोकिए बमोजिमको पारिश्रमिक पाउने छ।

..................
राजुभाइ श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत